परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक १३२ •२०८० असोज २६ गते शुक्रबार • (13-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com




गौशालामा आपराधिक घटना बढ्दै

एमाले मधेश प्रदेश

## पदाधिकारीमा सहमतिको खाका, अध्यक्षमा चन्देश्वर मण्डल

■ टक नेपाल

जनकपुरधाम । नेकपा एमाले मधेश प्रदेशको अध्यक्षमा चन्देश्वर मण्डलको नाममा करिब सहमति जुटेको छ । अध्यक्ष लगायत पाँचजना पदाधिकारीमा सहमति जुटेको खाका तयार भएको एमाले श्रोतले जनाएको छ । एमलेको हिजोदेखि जारी प्रथम मधेश अधिवेशनमा राति ३ बजेदेखि बन्दसत्रमा सहमतिका लागि छलफल थालिएको थियो। सिरहाका एमाले अध्यक्ष रहेका मण्डलको नाममा सबै पक्ष करिब करिब सहमत भएको र औपचारिक घोषणा हुन बाँकी



रहेको एमाले श्रोतले जनाएको छ। भित्र सहमतिमा पदाधिकारीको खाका तयार भएको छ ।

यस्तै उपाध्यक्षमा पर्साका विचारी यादव, सचिवमा शिवशंकर साह हिरा (धनुषा), उप सचिवमा आरती भण्डारी (रौतहट ) र मोहम्मद कैस (धनुषा) मा करिब सहमति जुटेको स्रोतले जनाएको छ । भित्र सहमतिको खाका एमालेले तयार गरेपनि बाहिर भने निर्वाचन तालिका सार्वजनिक गरको छ। निर्वाचन कमिटीले सार्वजनिक गरेको कार्यतालिका अनुसार बिहीबार साँझ साढे ५ बजे मतदाता नामावली प्रकाशन गरिएको छ । मतदाता नामावलीमा दाबीविरोधपछि बिहीबार साँझ ८ बजे मतदाताको अन्तिम नामावली प्रकाशन हुनेछ ।

*बाँकी पृष्ठ २ मा*

## महोत्तरीबाट ४ क्विन्टल गाँजा बरामद



■ टक नेपाल

गौशाला । महोत्तरी प्रहरीले बुधबार राति ४ क्विन्टलभन्दा बढी गाँजा बरामद गरेको छ। गएराति करिब २ बजे जलेश्वर बाट बखरीतर्फ जाँदै गरेको ना ६ ख ७३७४ नम्बरको ट्रक चेकजाँच गर्दा उक्त गाँजा बरामद भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलिपकुमार गिरीका अनुसार प्रहरीले बरामद गरेको गाँजा ४ क्विन्टल ५ केजी छ । प्रहरीले गाँजासहित ट्रक र ट्रक सहचालक मकवानपुरको थाहा नगरपालिका २ का २२ वर्षीय विशाल थिङलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान थालेको जनाएको छ ।

## भायानेटको २४औं बार्षिक उत्सव विशेष अफर र पुराना ग्राहकको नि:शुल्क इन्टरनेट अपग्रेड

■ टक नेपाल

काठमाण्डौ । भायानेट कम्युनिकेसन, नेपालको अग्रणी इन्टरनेट र आइपिटिभी सेवा प्रदायक, आफ्ना ग्राहकहरूलाई भरपर्दो र किफायती डिजिटल सेवाहरू प्रदान गरेको २४ वर्ष पूरा गरेको छ । सन् १९९९ मा आफ्नो स्थापना भएदेखि नै, भायानेटले अत्याधुनिक ब्रोडब्यान्ड इन्टरनेट र आईपीटीभी सेवाहरू उपलब्ध गराएर आफ्ना उपभोक्ताहरूको डिजिटल अनुभव सुधार गर्न निरन्तर लागिपरेको छ। भायानेटले २४ औं वार्षिक उत्सब को अवसरमा, विशेष वार्षिकोत्सव अफर घोषणा गरेको छ। जसमा १२५ एम्बिपिएस इन्टरनेटको ३-महिना सदस्यता मात्र रु २४२४ (भ्याट बाहेक) पर्नेछ । यस प्याकेजका नयाँ ग्राहकहरूले जडान शुल्कमा पनि उल्लेखनीय छुट पाउनेछन् । यसका साथै भायानेटको चाडपर्व अफर अन्तर्गत सबै ३ महिना वा सोभन्दा माथिका भायानेट ग्राहकहरूले अल्टिमा वायरलेस इयरबड्स र हिमस्टारका उपकरणहरूमा ५०% सम्म छुट पाउनेछन् । त्यती मात्र होईन ! आफ्ना ग्राहकहरु प्रति कृतज्ञता जनाउदै, भायानेटले आफ्नो पुराना ग्राहकको इन्टरनेट नि:शुल्क अपग्रेड गरेको छ !

vianet

*बाँकी पृष्ठ २ मा*

## जितपुर सिमरा उपमहानगरका पूर्व मेयर मृत फेला

■ टक नेपाल



काठमाडौं । जीतपुर सिमरा उपमहानगरपाकिालका पूर्व मेयर डा. कृष्ण पौडेल मृत फेला परेका छन्। जितपुर उपमहानगरका उप्रप्रमुख भोला अधिकारीका अनुसार बिहीबार पौडेल जितपुर सिमरा २ मा रहेको आफ्नै निवासमा मृत फेला परेका हुन् । नेकपा एमाले मधेस प्रदेश कमिटीका सचिव समेत रहेका पौडेल मधेस प्रदेश अधिवेशन जारी रहेका बेला मृत भेटिएका हुन् । घटनास्थलमा अहिले प्रहरी पुगेको बताइएको छ ।






## ....सम्पादकीय

# प्रकृतिकै चोरी !

प्रकृति सबैको साझा घर हो । तर, मानिसले भने प्रकृति आफ्नो मात्रै भएको घमण्ड गर्दै भोगचलन गर्दै आइरहेको छ । उसले आफू र आफ्ना भावी पुस्ताको समेत ख्याल नै नगरी प्रकृतिमाथि निर्ममताका साथ प्रहार गरिरहेको छ । खुला स्थानमा त मानिसले प्रकृतिको दोहन गरिनै रहेको छ । अब हुँदा हुँदै सरकारी सम्पत्तिमाथि दोहन गर्नका लागि चोरी समेत गरेको घटना सार्वजनिक भएको छ । अझै जनप्रतिनिधिहरुकै मिलेमतो मा माटोको दोहन भएको घटना सार्वजनिक भएको छ । यो बाराको जीतपुरसिमरा उपमहानगर पालिकाभित्रकै घटना हो । आफ्नो स्वार्थका लागि माटोको दोहन गर्नु पनि त अपराध हो नि । जनप्रतिनिधिले कम्तिमा पनि आफ्नो पदको ख्याल त गर्न पर्ने थियो तर गरेनन् किनभने यसमा पनि उनीहरुको ठूलो स्वार्थ छ। यसरी प्रकृतिमाथि अनि राज्यको सम्पत्तिमाथि दोहन गर्ने जो कोही भएपनि कारवाही हुनु पर्दछ । फेरि माटोको बिक्री पनि राजश्व छली गरेर गरेको घटनाले एक पटक ती जनप्रतिनिधिहरुको नियत र भूमिकामा समेत प्रश्न उठ्ने ठाउँ रहने नै छ। त्यसैले पनि स्थानीय सर कार खासगरी जीतपुरसिमरा उपमहानगरपालिकाले यो विषयमा आम नागरिकहरुलाई स्पष्ट पार्न जरुरी छ । कसका कारणले र कसरी राजश्व छलीको कार्य भयो यसको छिनोफानो हुन आवश्यक छ ।

टक नेपाल राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

# गौशालामा आपराधिक घटना........

इलाका प्रहरी कार्यालयका गौशालाका प्रहरी प्रमुख मनोज यादवले प्रत्यक्ष रूपमा सहयोग गर्ने धेरै कुरा भए पनि सीसीटीभी नभएका कारण अनुसन्धान प्रभावित भएको जनाए । उनले भने, 'प्रत्यक्ष रूपमा सीसीटीभीको निगरानी भइदिएन । नगरपालिकाले सीसीटीभी लगाइदिए पनि काम गर्ने अवस्थामा एउटा पनि छैन । जस्ले अनुसन्धानमा प्रभावित बनाउँदै आएको छ । नगरपालिकाको मेयर डा. दिपेन्द्र महतो समक्ष गुनासो गरे पनि वास्ता नगरेको झै छ ।' गौशाला नगरपालिकाका उपमेयर रेणु कुमारी महतोले आर्थिक वर्ष २०७८/०७९ मा १९ लाख ३६ हजार रुपैयाँ खर्चको अनुसन्धान हुनुपर्ने माग गरे । उनले भने,नगर पालिकाको बजट खर्च विवरण झण्डै २० लाख रूपैयाँ खर्च भएको छ, तर सीसीटीभी शून्यताको अवस्थामा रहनु दुःखद हो ।' गौशालामा किनमेलका लागि जाँदा होस् वा सवारीका क्रममा होस् अथवा पार्किङका लागि राखिएको सवारी साधन समेत हराउने क्रम बढ्दो छ । विशेषगरी बजाज कम्पनीका पल्सर तथा १५० सिसि र सो माथिका महंगा मोटरसाइकल धेरै मात्रामा हराएको उजुरी पर्ने गरेको इलाका प्रहरी कार्यालयको तथ्यांक छ । इलाकामा मोटरसाइकल हराएको उजुरी परेको आधारमा भेटिएको मोटरसाइकल अत्यन्तै ज्यादै न्यून छ । मोटरसाइकलको सुरक्षा संयन्त्र निकै कमजोर भएको हुँदा जो कोहीले पनि सजिलै चोर्न सक्ने प्रहरीको भनाइ छ । जिल्लामा सीसीटीभी क्यामेराको सञ्जाल नहुँदा समेत चोरीमा संलग्न हुने व्यक्तिलाई पक्राउ गर्न असमर्थ हुने गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रकाश मल्लले बताए । भारतबाट संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दुरीको सडक मार्ग गौशाला-सम्सी सडक खण्डमा तस्करको जालो लामो छ। नेपाल भारतको सिमानाका सम्सी बोर्डर हुँदै काठमाडौं मालसमान पुऱ्याउने गरेको पाइएको छ । तस्करीको मुख्य पाटो गौशाला-सम्सी सडक खण्ड भएकोले प्रहरीकै मिलोमतोमा तस्करहरू लत्ताकपडादेखि लागूऔषध समेत ओसारपोसार गराइरहेको छ। जसमा इलाका प्रहरी कार्यालय गौशालाको प्रमुख संलग्नता छ । भन्सार छलेर हरेक दिनजसो गौशाला, बर्दिवास, सिन्धुली लगायतका क्षेत्रमा लागूऔषध भित्रिरहेको छ। सम्सी नाका देखि इलाका प्रहरी कार्यालय गौशाला क्षेत्र सम्ममा ५ स्थानमा चेकजाँच भएपनि प्रहरीले महिनावारीका रूपमा रकम बुझ्दा गुटखा, पान, मसाला, रजनीगन्धा, तेल, चिनी लगायत उपभोग्य वस्तुहरूको समेत प्रहरीलाई महिनावारी बुझाउने गरेको लुकेको छैन । महोत्तरी रामगोपालपुर नगर पालिका बैरियाका सोनफि यादवले प्रहरीले महिनावारी नबुझाउनेलाई पक्रने र बुझाउने लाई छुट दिएको बताए। उनले भने, 'भारतबाट रात्रिकालीन समयमा विभिन्न सामग्रीहरूको तस्करी हुने गरेको छ । पुरानोबाट महिनावारी उठाउने र उपभोक्ताको अलिकति समान भए पनि खोसेर बहादुरी देखाउने गरेको छ ।'

टक नेपाल राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।




सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# भायानेटको २४औँ बार्षिक उत्सव...

जसमध्य भायानेटका वार्षिक ग्राहकहरु, जसको २०० एम्बिपिएस इन्टरनेट छ उहाँहरुको २५० एम्बिपिएस अपग्रेड भएको छ, ३०० एम्बिपिएस इन्टरनेट भएका ग्राहक ले निसुल्क ४०० एम्बिपिएस पाएका छन्, त्यस्तै अन्यको पनि इन्टरनेट निशुल्क अपग्रेड गरिएको छ । भायानेटसँग प्रविधिमा सधै एक कदम अगाडी आफ्ना ग्राहकलाई सुबिधा दिने इतिहास छ। २०११ मा, हामीले नेपालमा पहिलो पटक फाइबर अप्टिक्स (एफ टि टि एच) को सुरुवात गर्यौं, जसले देशलाई उच्च-गतिको डिजिटल युगमा अघी बढ्न सहयोग गऱ्यो। २०१६ मा, भायानेटले आइपिटिभी सेवाहरू ल्याएर नेपालमा टिभी हेर्ने अनुभवमा नयाँ पन थप्यो । ग्राहकहरूलाई गुणस्तरीय सेवाहरू उपलब्ध गराउने हाम्रो प्रतिबद्धताले कम मुल्य मा १७५+ टिभि च्यानलहरू प्रदान गर्ने भायाटिभीको सुरुवात गरेको हो । र हामी केहि समय अगाडी मात्रै नेपालको पहिलो मल्टि-गिग इन्टरनेट,२ जिपिएस एक्स जि एस-एक्स्ट्रीम प्याकेज, जुन अत्याधुनिक एक्स जि एस फाइबर टेक्नोलोजीमा निर्मित छ, सुरु गरेकोमा कृतज्ञ छौं। भायानेट कम्युनिकेसनले नेपालमा इन्टरनेट जडानलाई पुनः परिभाषित गर्दैछ। हामीले २४ अविश्वसनीय वर्षहरू मनाउँदै गर्दा, हामी हाम्रा कर्मचारीहरू, हाम्रा वफादार ग्राहकहरू, र हाम्रा सबै सरोकार वालाहरूलाई यस यात्रालाई उल्लेखनीय बनाउनको सहयोगी हात बनेकोमा हृदयदेखि धन्यवाद दिन्छौं । भायानेट कम्युनिकेसन भविष्यमा व्यक्तिगत र व्यावसायिक दुवै आवश्यकताहरूका लागि इन्टरनेट, टिभी र डिजिटल सेवाहरूको विकासशील मागहरू पूरा गर्न प्रतिबद्ध छ ।

# पदाधिकारीमा सहमतिको.....

त्यस्तै बिहीबार नै बेलुका ९ देखि ११ बजेसम्म उम्मेदवारी दर्ता र दाबी विरोधपछि उम्मे दवारको अन्तिम नामावली २६ गते विहान १० बजे प्रकाशन गर्ने कार्यतालिका छ । २६ गते शुक्रबार ११ बवेदेखि मतदान गर्ने समय तोकिएको छ ।

विज्ञापनका लागि सिधा सम्पर्क गर्नुहोस्।
परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक
www.talknepaltv.com
सम्पर्क मोबाइल नम्बर :
९८०७८२१०१४,९८६३२१०१४ र ९८०४८०४७००
talknepalnationaldaily@gmail.com

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०५ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसर आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। | तुला | दैनिक काममा उल्लेख्य फाइदा हुनेछ। |
| बृष | भौतिक साधन जुट्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। | वृश्चिक | आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। |
| मिथुन | परिस्थिति अलि संघर्षपूर्ण रहला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। | धनु | परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। |
| कर्कट | निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। | मकर | मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। |
| सिंह | समय फुर्सदिलो रहनाले भेटघाटको अवसर प्राप्त हुनेछ। | कुम्भ | काममा साथीभाइको सहयोग जुट्नेछ। |
| कन्या | दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला। | मीन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# भारतको बिहारमा रेल दुर्घटना हुँदा ६ जनाको मृत्यु, १०० जना घाइते

■ टक नेपाल



काठमाडौं । भारतको बिहारमा रेल दुर्घटना भएको छ । बुधबार राति भएको दुर्घटनामा एक बालिकासहित ६ जनाको मृत्यु भएको र १०० जना घाइते भएको पुष्टि भएको छ । दिल्लीको आनन्द बिहारबाट कामाख्या जाँदै गरेको रेल स्थानीय समय अनुसार बुधबार राति ९:५३ बजे दुर्घटना भएको थियो । भारतीय सञ्चार माध्यमहरुका अनुसार रेलका १२ वटा डिब्बा लिकबाट उछिट्टिएका छन् । यो दुर्घटनामा एक महिला, उनकी आठ वर्षीया छोरी र अन्य दुई युवाको मृत्यु भएको पुष्टि भएको बिहार प्रहरीले जनाएको छ । घाइतेहरुमध्ये केहीको अवस्था गम्भीर छ । उनीहरुको अस्पतालमा उपचार जारी छ । सकुशल रहेका यात्रुहरुलाई भने अर्को रेल पठाएर गन्तव्यसम्म पुऱ्याइएको थियो ।

# आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ कात्तिकमा हुने

■ टक नेपाल

काठमाडौं । सर्वोच्च अदालतले योगराज ढकाल (रिगल) लाई कैद मिनाहा गरी आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ आगामी कात्तिक १४ गते गर्ने भएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ तथा न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भए पनि हेर्न नमिल्ने भएपछि आगामी कात्तिकमा सुनुवाइ हुने तय भएको हो । सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले भन्नुभयो, "मुद्दा आजको पूर्ण इजलासमा हेर्न नमिल्ने भयो । अब अर्को इजलास तय गरेर पूर्ण इजलासमै सुनुवाइ गर्ने आदेश भएको छ ।" यही असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुर्ने कारणसहितको सम्पूर्ण सक्कल मिसिल यही असोज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो । अदालतले कानुनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्न आदेश दिएको थियो । पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भए पनि न्यायाधीशहरूले हेर्न नमिल्ने भएपछि सुनुवाइ हुन सकेन । संविधान दिवसका अवसरमा यही असोज ३ गते मन्त्रिपरिषद्को सिफारिसमा रिगलको कैदमिनाहा भएको थियो। कैद मिनाहाको निर्णयविरुद्ध चेतन मानन्धरकी पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । उक्त रिट निवेदनमा आज प्रारम्भिक सुनुवाइ गर्दै सो आदेश भएको हो।

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिवास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

# अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आयोग महत्वपूर्ण हुनेछः अध्यक्ष ढकाल



■ टक नेपाल

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सबै पक्ष र क्षेत्र जिम्मेवारीका साथ सामुहिक प्रयासमार्फत् अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ । महासङ्घले आज काठमाडौँमा आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस'मा अध्यक्ष ढकालले भन्नुभयो, "अर्थतन्त्रका सबै सरो कारवाला पक्ष एकै ठाउँमा आएर सामुहिक रुपमा अहिलेको अवस्थाबाट अर्थतन्त्रलाई बाहिर आउनका लागि पहल गरौँ । निजी क्षेत्रका तर्फबाट महासङ्घले यसको सुरुआत गरिसकेको छ ।" समयमै सही नीति लिन नसकेका कारण अहिले नेपालको अर्थतन्त्र संवेदनशील मोडमा पुगेको र अब टालटुले नीतिले तत्काल सुधार सम्भव नरहेको उहाँको भनाइ छ । अध्यक्ष ढकालले अर्थतन्त्र सुधारका लागि तत्काल कुनै पहल चाल्न पनि सरकारसँग आग्रह गर्नुभयो । "तत्काल आर्थिक सुधार आयोग वा अन्य कुनै उच्चस्तरीय कानुनी हैसियत भएको संयन्त्र गठन गर्नु जरुरी देखिएको छ", उहाँले भन्नुभयो । आयोगको अध्यक्ष प्रधानमन्त्री नै रहने र निजी क्षेत्रका छाता संगठनका अध्यक्ष अनिवार्य रुपमा समावेश हुनुपर्ने ढकालको सुझाव छ । त्यस्तै उक्त आयोगमा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, योजना आयोग र नेपाल राष्ट्र बैंकलगायत सम्बन्धित निकायका उच्च नेतृत्व रहनु सान्दर्भिक हुने उहाँको भनाइ छ । यस्तो आयोग बनाउँदा खर्च बढ्ने हुँदा आयोगका पदाधिकारीहरु अवैतनिक रुपमा नियुक्त हुनुका साथै मितव्ययी रुपमा काम गर्ने गरी कार्यविधि निर्माण गर्दा उचित हुने पनि उहाँको भनाइ छ। निजी क्षेत्रको मनोबल बढाउन सरकार सकारात्मक हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष ढकालले निजी क्षेत्रको मर्यादाक्रमको बिषय सम्बोधन गर्न पनि सरकारसँग आग्रह गर्नुभयो। निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्र राख्ने गरी विधेयक बनिरहेकोमा यसले निजी क्षेत्रलाई हतोत्साही बनाएको अध्यक्ष ढकालको भनाइ छ । नेपालमा सञ्चालित प्रायः सबै बहुराष्ट्रिय कम्पनी राम्रो मुनाफा कमाइ र हुँदा पनि नयाँ लगानी किन आउन नसकेको भन्ने विषयमा सोच्नुपर्ने बेला आएको ढकालले बताउनुभयो । सरकारी प्रणालीमा देखिएको ढिलासुस्तीका कारण यस्तो समस्या देखिएको हुनसक्ने उहाँको आङ्कलन छ । लामो समयसम्म आर्थिक गतिविधि सुस्त रहेर आर्थिक मन्दीको अवस्थामा पुगिसकेको बेला चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत् सरकारले केही नीतिगत तथा प्रक्रियागत सुधारका प्रयास थालेपनि त्यसको कार्यान्वयनमा चुनौती देखिएको उहाँको भनाइ छ । "अर्थतन्त्र मन्दीमा गइसक्यो र अब सरकार को विशेष सहयोग बजेटमार्फत आवश्यक छ भनेर निजी क्षेत्रले भनेको थियो । केही दिर्घकालीन सकारात्मक प्रभाव पर्ने विषय बजेटमा समेटिएका पनि छन्", ढकालले भन्नुभयो । मौद्रिक नीतिबाट पनि निजी क्षेत्रले आश गरेकोमा केही विषयमात्रै सम्बोधन भएको उहाँको भनाइ छ । सरकारको बजेट खर्च न्यून देखिँदा पनि अर्थतन्त्रमा समस्या देखिएको उहाँको भनाइ छ । कुल गार्हस्थ्य उत्पादनको ९० प्रतिशत कर्जा प्रवाह भएपनि त्यसले आर्थिक वृद्धिदरमा योगदान देखिन नसकेको ढकालले उल्लेख गनुभयो । "जिडिपीको ९० प्रतिशत प्रवाह भएको कर्जा कति उत्पादनमूलक क्षेत्रमा र कति अन्यत्र गएको छ हेरौँ । आर्थिक वृद्धिका लागि के कर्जामात्रै आवश्यक हुन्छ वा अन्य पनि । सरकारले खर्च गर्नुपर्छ कि पर्दैन ?", उहाँले प्रश्न गर्दै भन्नुभयो ।

न्यु इसिका फोटो स्टूडियो
सम्पर्क नं.
9844697459, 9804804700
9814816800, 9844130893
गौशाला-१०, महोत्तरी
फोटोकपी सेवा
यहाँ छपाइ सम्बन्धी सम्पूर्ण काम गरिनुका साथै अर्जेन्ट छाप पनि तयार गरिन्छ ।

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स-रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

प्रो. राम किसुन चौधरी
श्री जयसी बाबा ग्याँस पसल
क्षीरेश्वरनाथ-५, महेन्द्रनगर सखुवा रोड
एन.एल + ग्याँस वानको अधिकृत बिक्रेता
यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरु पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईटर मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ।

# उपराष्ट्रपति यादवलाई डेंगु संक्रमण

■ टक नेपाल

काठमाडौं । उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई डेंगु संक्रमण पुष्टि भएको छ । उनी बानेश्वरस्थित सिभिल अस्पतालमा भर्ना भएका छन् । उनका निजी चिकित्सक शिवजी सिलवालका अनुसार अहिले भने स्वास्थ्यमा तुलनात्मक सुधार भएको छ । उपराष्ट्रपति यादव सोमबारदेखि नै अस्वस्थ थिए । निवासमै उपचार गरिरहे पनि ठीक नभएपछि बुधबार साँझ सिभिल अस्पतालमा भर्ना गरिएको थियो। त्यतिबेला राष्ट्रपति रामचन्द्र पौडेलले उपराष्ट्रपति यादवलाई टेलिफोन गरेर स्वास्थ्य लाभको कामना समेत गरेका थिए ।



**कस्ता लक्षण थिए उपराष्ट्रपति यादवलाई ?**

उपराष्ट्रपति यादवलाई सुरुमा बान्ता हुने र टाउको दुख्ने लक्षण देखिएको थियो । त्यतिबेला उनले मिठाइ खाएकाले फुड प्वाइजन भएको हो कि भनेर शंका गरेर परीक्षण गरिएको थियो । तर पछि एक सय डिग्रीभन्दा बढी ज्वरो आइरहने, टाउको दुखिरहने, छाति दुख्ने र बान्ता पनि बेला-बेला भइरहने भएपछि बुधबार साँझ सिभिल अस्पताल भर्ना गरिएको थियो । उपराष्ट्रपति यादवको उपचार विदेश विष्ट र निजी चिकित्सक शिवजी सिलवालसहितको टोलीले गरिरहेको छ । निजी चिकित्सक लम्सालले अहिले किड्नी फङ्सन टेष्टको रिपोर्ट राम्रो रहेको र बान्ता/ज्वरो दुवै कन्ट्रोल भएको जानकारी दिए । तर प्लेटलेट्स घटिरहेकाले केही दिन अस्पतालमै राखेर उपचार गरिने उनले बताए । उनले भने, 'अरु कुरा कन्ट्रोलमा रहे पनि आज बिहानसम्म पनि प्लेटलेट्स घटेकै देखिएकाले एक-दुई दिन अस्पतालमै राखेर हेर्छौं ।'

# धार्मिक द्वन्द भएको जिल्लाहरुका सीडीओको सरुवा

■ टक नेपाल

काठमाडौं । गृह मन्त्रालयले सर्लाही र बाँकेसहित ४ जिल्लाका प्रमुख जिल्ला अधिकारीको हेरफेर गरेको छ । धार्मिक र साम्प्रदायिक दङ्गा भड्किएपछि बाँकेका प्रजिअ विपिन आचार्यलाई गृह मन्त्रालयमा फिर्ता बोलाइएको छ । बाँकेको प्रमुख जिल्ला अधिकारीमा श्रवणकुमार पोखरेललाई पठाएको गृह मन्त्रालयका एक जना अधिकृतले बताए । सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई जिल्ला प्रशासन कार्यालय इलाममा सरुवा गरिएको छ । कोमलप्रसाद धमलालाई सर्लाहीमा सरुवा गरिएको छ । धमला दोलखाका प्रजिअ थिए । जिल्ला प्रशासन कार्यालय दोलखाको प्रजिअमा टुवराज पोखरेललाई पदस्थापन गरिएको गृह मन्त्रालयले जनाएको छ ।

# गौशालामा आपराधिक घटना बढ्दै

■ गोविन्द महतो

जनकपुरधाम । गत असोज ८ गते गौशालाको एनआइसी बैंकबाट पैसा झिकेर घर फर्किन लागेको एक दम्पति लुटिए । ओखलढुंगामा रहेका ज्वाइ रामशरण महतोले मजदुरी गरेको एनआइसी एसिया गौशाला शाखामा ऋण तिर्न पठाएको रकम बैंकबाट झिकेर लग्दै गर्दा इलाका प्रहरी कार्यालयको २५ मिटरको दूरीमा लुटियो । गौशाला नगरपालिका-११ भरतपुरका शम्भु महतो र उनकी श्रीमती श्रुजकलादेवी महतोले बैंकबाट पैसा झिकेर फर्किंदै गर्दा अज्ञात व्यक्तिले फिल्मी शैलीमा ६ लाख ३६ हजार रुपैयाँ लुटयो। घर फर्किने क्रममा गौशाला बजार को इलाका प्रहरी कार्यालयको २५ मिटरको दुरीबाट मोसामा सवार भएर आएकाले म बैंकको मान्छु हुँ, एउटा सिग्नेचर छुटेछ, बैंक जानुपर्‍यो भनेर महतोलाई बाइकमा चढाएर बैंक नजिक पुर्‍याए। श्रुजकलालाई समेत श्रीमानले बोलाएको भनी बाइकमा लगेर इलाका प्रहरीको अगाडिबाटै लगेर लुटपाट गरे । गत केही महिना अगावै गौशाला बजारमा पार्किङ गरी



राखिएको कार चोरी भयो । गौशाला नगरपालिका ५ का रूपेश कुमार साहले घर अगाडि पार्किङ गरी राखेको प्र २-०२-००१ च ०८१७ को कार चोरी भएको महिनौ बित्न लाग्दा समेत फेला परेको छैन। इलाका प्रहरी कार्यालयको प्रहरी विट नजिकै बाट जहाँ चौबिसै घण्टा प्रहरी खटिएको हुन्छ, त्यहाँबाट चोरी हुनु शंकास्पद रहेको छ । गत वैशाख २३ मा गौशालामा सञ्चालित सोमनाथ ईम्पोरियममा नक्कली साँचो प्रयोग गरेर झण्डै ३ लाख नगद र १ लाख मूल्य बराबरको लत्ताकपडा चोरी भयो। नक्कली साँचोको प्रयोग गरेर घण्टौंसम्म चोरहरूले चोरी गर्दा समेत प्रहरीले सुइको पाएनन् । यस्तै भदौमा दिउँसै गौशाला बजारबाट विजयकुमार महतोले भर्खरै केही दिनअघि किनेको २२० सिसिको पल्सर मोटरसाइकल चोरी भयो। खोजतलासमा प्रहरीले खासै चासो नदेखाएका तथा भेटे सम्पर्क गर्ने इलाका प्रहरी कार्यालय रवैया देखेर विजयले मोटरसाइकल भेट्ने आश गुमाइसके । गत भदौ १४ गते प्रदेश २ ०२००३ प ९९७० नम्बरको पल्सर एनएस मोटरसाइकल गौशालाको मरहा पूलबाट दिउँसै खोसेर लगियो । त्यसको केही दिनमा सवारी धनी अमन पासमानले खोजतलास गरी नेपाल भारत सीमा सम्सी कन्हमा बोर्डरबाट खोजतलास गरी ल्याए । मानिस समेत पहिचान भयो । तर इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक मनोज यादवले मुद्दा दर्ता गर्न मानेनन् । प्रहरीको भनाइलाई उदृत गर्दै अमनले भने, 'प्रहरीले मलाई बोलाएर उल्टै केरकार गर्‍यो। अभियुक्तको पहिचान हुँदा समेत मुद्दा दर्ता गर्न प्रहरी निरीक्षक मनोज यादवले आनाकानी गरे। मलाई तीन/चार दिन बोलाएर हैरानी मात्र दिए तर मोटरसाइकल खोज्न सहयोग गरेनन्।'

*बाँकी पृष्ठ २ मा*








"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

**LIVER FUNCTION TEST** — Rs. 2800/-
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

**WHOLE BODY CHECKUP** — Rs. 6000/-
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

**CARDIAC PROFILE** — Rs. 5000/-
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

**DIABETS PACKAGE** — Rs. 4800/-
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)

सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४



बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com